"समृद्ध पुतलीबजार, सुखी नगरवासी"

# पुतलीबजार नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
## स्याङ्जा

प.सं.:०७७।०७८
च.नं.:

गण्डकी प्रदेश,नेपाल, पुतलीबजार, स्याङ्जा

## दरभाउ पत्र आव्हान गरिएको सूचना ।

प्रथम पटक प्रकाशित मिति २०७९।०७।१६

पुतलीबजार नगरपालिकाद्वारा सफाईकेन्द्रमा सङ्कलन तथा जम्मा गरिएका कुहिने तथा नकुहिने वस्तु तथा पदार्थहरुको आर्थिक बर्ष ०७९/०८०का लागि लिलाम तथा विक्री वढावढ वा फोहोर रित्याउने कार्य पुतलबिजार नगरपालिकाको सफाई केन्द्र व्यवस्थापन तथा सञ्चालन निर्देशिका २०७७ को बुँदा तथा दफा ११(३) बमोजिम वार्षिक वा बहुबर्षिय रुपमा वा मासिक तथा तोकिए बमोजिम अगाडि बढाउनु परेको हुँदा के/कति दररेटमा के कसरी लिलाम तथा विक्री सकार गर्न सकिने हो ईच्छुक (करचुक्ता वा कानुन बमोजिम म्याद थप भएका )रीतपूर्वकको व्यक्ति फर्म, कम्पनी, संस्था वा निकाय ,सप्लायर्स,थोक बिक्रेता ,खुद्रा बिक्रेता वा उपमोक्ता वा निर्माण कंपनी वा निजी सँस्था वा परामर्शदाता बाट प्रथम पटक प्रकाशित मितिले ७ दिन भित्र तल उल्लेखित शर्तहरुको अधिनमा रहि स्पष्ट खुलाई साप्ताहिक, मासिक वा पाक्षीक रुपमा के कसरी खरीद वा लिलाम सकार गरी लैजाने हो खुलाई निर्दिष्ट दरभाउ पत्रमा दररेट पेश गर्नु हुन सूचित गरिन्छ । बिस्तृत जानाकारीका लागि नगरपालिका कार्यालय तथा सरसफाई शाखामा सम्पर्क राख्नुहुन जानाकारी गराईन्छ ।

- प्रत्येक हप्ता १५ दिनमा विशेष अवस्था परेमा १ महिना भित्र जतिसुकै भएपनि संकलित सामान उठाइ सक्नुपर्नेछ ।
- तौलेको सामान रसिद काटी चलानी पूर्जि तथा पत्र दिएपश्चात लैजानु पर्नेछ ।
- सामानको विक्रि गर्ने बिसर्जन गर्ने सफाइकेन्दवाट, ढुवानी गरी लैजाने दरभाउपत्र दाताले स्वयमले गर्नुपर्नेछ ।
- उल्लेखित बाहेकमा अन्य पदार्थ तथा सामान प्रप्त हुन आएमा मात्रा तथा परिमाण, गुणस्तरका आदिका आधारमा अमानत वा,बढाबढको कवोल प्रकृया द्वारा निर्धारित गरीएको अङ्क वमोजिम हुनेछ ।
- अन्य वस्तुहरुको हकमा वस्तुको अवस्था हेरी तत्कालिन बजारको अवस्था तथा दररेटको आधारमा बिक्री मुल्य कायम गरिनेछ ।
- दरभाउपत्र दाताको निबेदन, व्यवसायिक प्रमाणपत्र,ईजाजतपत्र,स्थायीलेखा नम्वर वा मुल्य अभिबृद्धिकर दर्ताको तथा चुक्ताको प्रमाणपत्र र नागरिकताको प्रतिलिपी समेत सँलग्न गराउनुपर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

गणेश प्रसाद अर्याल
प्रमुख प्रशासकीय अधिकृत